# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 30.01.2025**

***All Party Meeting***

संसदको बजट अधिवेशन भोलिदेखि शुरू भइरहेछ । यसअघि आज सर्वदलीय बैठक बस्यो । संसद भवन परिसरमा आयोजित बैठकमा सरकारले सत्रको सुचारू सञ्चालनका लागि सबै राजनीतिक दलहरूसित सहयोग गर्ने अपील गर्नुभयो । बैठकपछि पत्रकारहरूसित कुराकानी गर्दै संसदीय कार्य मन्त्री श्री किरेन रिजिजूले भन्नुभयो रास्ट्रपति द्रौपदी मुर्मूले बजट सत्र अघि भोलि संसदको दुवै सदनलाई सम्वोधन गर्नुहुनेछ । रास्ट्रपतिको अभिभाषणपछि आर्थिक सर्वेक्षण प्रस्तुत गरिनेछ । उहाँले भन्नुभयो आउँदो शनिवार केन्द्रीय बजट प्रस्तुत गरिनेछ ।

---

***Mahatma Gandhi D/A***

रास्ट्रले आज महात्मा गान्धीको सतात्तरौं पुण्यतिथिमा उहाँप्रति श्रध्दाञ्जली अर्पण गरयो । यस अवसरमा आज बिहान नयाँ दिल्लीमा गान्धी समाधि राजघाटमा सर्वधर्म प्रार्थना आयोजन गरियो । रास्ट्रपति द्रौपदी मुर्मु, उपरास्ट्रपति जगदीप धनखड़, प्रधानमन्त्री नरेन्द्र मोदी र विपक्षका नेता राहुल गान्धी र अन्य नेताहरूले महात्मा गान्धीको समाधिमा पुष्पाञ्जली अर्पित गर्नुभयो । रास्ट्रले प्रतिवर्ष बीस जनवरीमा महात्मा रान्धीको जीवनी वा विरासतलाई स्वतन्त्रता संग्रामका मार्गदर्शकको रूपमा स्मरण गर्छ । यस दिनलाई शहीद दिवसको रूपमा पनि मनाइन्छ । यता सिक्किम राज्य पनि आज शहीद दिवस पालन गरियो । रास्ट्रको स्वाधीनताका लागि आफ्नो जीवनको बलिदान दिने शहीदहरूको सम्मानमा श्रध्दाञ्जली अर्पण गर्दै दुई मिनट मौन धारण गरियो । बिहान एघारदेखि एघार बजेर दुई मिनटसम्म वाहनहरूको यातायात लगायत सबै कामकाज ठप्प राखियो।

***Padmashree Awardee***

देशको चौथो सर्वोच्य नागरिक सम्मान पद्मश्री पुरस्कारले यसपालि सिक्किमबाट प्रसिध्द लोक गायक तथा सङ्गीतकार श्री नरेन गुरूङलाई सम्मानित गरिने भएको छ। यसै महीना पच्चीस तारीकका दिन पद्म पुरस्कारहरूको घोषणा गरिएको हो। लोकसंगीतको संरक्षण, नवोदित कलाकारहरूलाई मार्गदर्शन र वैश्विक स्तरमा संस्कृति तथा परम्मपराको प्रदर्शन गर्न सक्षम श्री गुरूङलाई लोकसंगीतको क्षेत्रमा उल्लेशनीय योगदानका लागि यो प्रतिष्ठित पुरस्कारद्वारा अलंकृत गरिने भएको हो। लोक संगीतबारे श्री नरेन गुरूङ भन्नुहुन्छ –

***Sonam Losar***

राज्यमा आज तामाङ समुदायको चाड़ सोनाम लोसार मनाइयो । यस पर्वले हाम्रा सबै जीत तथा उपलब्धिहरूको श्रोत दिब्य शक्तिमा छ भन्ने विश्वास जगाउने हुनाले यसमा एकजूट भएर प्रार्थना गर्नका साथै हिउँद यामको पहिलो फसल देवीदेवतालाई चड़ाउने चलन छ । तामाङ समुदायका लागि नयाँ वर्षको शुरूवात दर्शाउने यस पर्वको ठूलो सांस्कृतिक र आध्यात्मिक महत्व छ । यसैवीच राज्यपाल श्री ओम प्रकाश माथुर र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सिक्किमवासीहरूलाई सोनाम लोसारको शुभकामना दिनु भएको छ । सिक्किमलाई विभिन्न सासंकृतिक, धार्मिक र माषिक विविधताको अदूतीय संगम बताउँदै आफ्नो सन्दोशमा राज्यपालले भन्नुभएको छ- राज्यको अनेकतामा एकता र भातृत्वको संस्कृति समग्र देशका लागि एउटा अनुकरणीय उदाहरण हो । उहाँले सोनाम लोसारले सबैको जीवनमा उत्तमस्वास्थ खुशी र समृध्दि ल्याओस् भन्ने कामना गर्नुभएको छ । मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले भन्नुभएको छ सिक्किमलाई आफ्नो धनी सांस्कृतिक विविधातामाथि गर्व छ । उहाँले सांस्कृतिक जीवन्तता र आपसी सम्मानको उदाहरण प्रस्तुत गर्दै एकता र सदभावना कायम राखिने राज्यमा सोनाम लेसार पर्वले शान्ति र समृध्दि ल्याउनेछ भन्ने आशा व्यक्त गर्नुभएको छ ।

***RBI***

भारतीय रिजर्व ब्याङ्क RBI को गान्तोक शाखाद्वारा रास्ट्रिय ब्याङ्क क्षमता निर्माण अभियाण अन्तर्गत गोजिङ जिल्लाको पेलिङमा आयोजित दुई दिने लामो कार्यशाला हिजो सम्पन्न भयो । वित्तीय सेवामा ग्राहक सम्वेदनशीलता बढ़ाउने उदेश्यले आयोजना गरिएको कार्यशालामा गेजिङ, नाम्ची र सोरेङ जिल्लाका विभिन्न ब्याङ्क शाखाहरूबाट तीसजनाभन्दा बढ़ी अधिकृतहरूले भाग लिए । आफ्नो वक्तव्यमा RBI गान्तोकका क्षेत्रीय निदेशक श्री थोटगाम जमाङले ब्याङ्क अधिकृतहरूलाई ग्राहक सेवामाथि ध्यान दिने परामर्श दिनुभयो ।

***Application CNRT***

आकाशवाणी गान्तोकमा नेपाली, सिक्किमी भुटिया र लेप्चा भाषाका सामयिक समाचारवाचक तथा अनुवादक पदका लागि आवेदन आमन्त्रण गरिएको छ । यसका निम्ति उम्मेदवारले कुनै पनि मान्यताप्राप्त विश्वविद्यालय स्नातक गरेको हुनुपर्नेछ अनि उनीहरूमा सम्वन्धित भाषाको ज्ञान हुनका साथै प्रसारणयोग्य आवाज हुनुपर्छ । आयुसीमा एक्काइसदेखि पचास वर्षवीच हुनुपर्नेछ । इच्छुक उम्मेदवारहरूले केन्द्र निदेशक आकाशवाणी गान्तोकको पक्षका जम्मा गरिएको ब्याङ्क ड्राफ्ट सहित आवेदन फारम पन्ध्र फरवरी 2025 सम्ममा केन्द्रका प्रादेशिक समाचार एकांश प्रभारी कहाँ पठाउनुपर्नेछ । आवेदन फारम हाम्रो वेबसाइट www.newsonairgov.in/vacancies मा उपलब्ध रहनेछ । उम्मेदवारहरूलाई समय समयमा यो वेबसाइट हेर्ने सल्लाह दिइन्छ ।

***Weather***

राज्यमा केही दिनदेखि आकाशमा बादल छाएको र समय समयमा वर्षा भएकाले मानिसहरूले जाड़ोको अनुभव गरिरहेछन् । स्थानीय मौसम विज्ञान विभागको रिपोर्ट अनुसार आज गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान दस दशमलउ दुई डिग्री सेल्सियस र न्यूनतम तापमान आठ डिग्री सेल्सियस रेकार्ड गरियो भने शून्य दशमलउ चार मिलिमिटर पानी परयो । विभागको पूर्वानुमानमा भेलि अधिकतम तापमान तेह्र डिग्री सेल्सियस र न्यूनतम तापमान सात डिग्री रहनेछ ।